# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल आषाढ महिना १९ गते मंगलबार)

यस विकास बैंक लि.को शाखा कार्यालय बीरेन्द्रनगरबाट तपशिलमा उल्लेखित ऋणीले व्यापारिक अधिविकर्ष कर्जा र हायरपर्चेज कर्जा शिर्षकमा लिएको कर्जाको साँवा, व्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंक संग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक रुपमा मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँबा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालय बीरेन्द्रनगरमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहन सूचित गरिन्छ ।

## तपशिल

### ऋणीको विवरण

नाम : **न्यु एम के कोल्ड स्टोर एण्ड सप्लायर्स**
प्रोप्राइटरको नाम : माया कुमारी दाहाल
प्रा.फ.र.नं. : १३१२६/०७७/०७८
दर्ता मिति : २०७७/०९/२२
दर्ता रहेको निकाय : उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेत, नेपाल
स्थायी लेखा नं. : ६१४७६२०३७
ठेगाना : सुर्खेत जिल्ला बीरेन्द्रनगर न.पा.वडा नं.०९

### व्यक्तिगत धनजमानीहरुको विवरण

| | |
|---|---|
| १. नाम : **माया कुमारी दाहाल**<br>बाबुको नाम : जय बहादुर खत्री<br>पतिको नाम : केशव जैसी<br>ससुराको नाम : दत्तलाल जैसी<br>स्थायी ठेगाना : सुर्खेत जिल्ला बीरेन्द्रनगर न.पा. वडा नं. ०५<br>हालको ठेगाना : सुर्खेत जिल्ला बीरेन्द्रनगर न.पा. वडा नं. ०९<br>ना.प्र.नं : ६४-०१-७०-०३८७५<br>जारी मिति र जिल्ला : २०७०/०८/२६, सुर्खेत । | ३. नाम : **सीता कुमारी क्षेत्री**<br>बाबुको नाम : चन्द्र बहादुर क्षेत्री<br>पतिको नाम : दत्तलाल जैसी<br>बाजेको नाम : पदम बहादुर क्षेत्री<br>स्थायी ठेगाना : सुर्खेत जिल्ला उत्तरगंगा गा.वि.स वडा नं. ०६<br>हालको ठेगाना : सुर्खेत जिल्ला बीरेन्द्रनगर न.पा.वडा नं. ०९<br>ना.प्र.नं : १९३०<br>जारी मिति र जिल्ला : २०४४/११/२८, सुर्खेत |
| २. नाम : **केशव जैसी**<br>बाबुको नाम: दत्तलाल जैसी<br>बाजेको नाम : अनन्तलाल जैसी<br>स्थायी ठेगाना : सुर्खेत जिल्ला लाटिकोइली गा.वि.स वडा नं. ०८<br>हालको ठेगाना : सुर्खेत जिल्ला बीरेन्द्रनगर न.पा. वडा नं. ०९<br>ना.प्र.नं. : ६४-०१-७०-०१७८३<br>जारी मिति र जिल्ला.: २०७०/०४/१३, सुर्खेत | ४. नाम : **प्रिया जैसी**<br>बाबुको नाम : दत्तलाल जैसी<br>बाजेको नाम : अनन्तलाल जैसी<br>ठेगाना : सुर्खेत जिल्ला बीरेन्द्रनगर न.पा. वडा नं. ०९<br>ना.प्र.नं : ६४-०१-७५-०६०२६<br>जारी मिति र जिल्ला.: २०७५/१०/०६, सुर्खेत |

**धितो सुरक्षण सम्बन्धि विवरण :**

१. निम्न उल्लेखित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | कि.नं. | क्षेत्रफल (वि.क.धु) | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|
| सीता कुमारी क्षेत्री | लाटीकोइली-७ क, सुर्खेत | १७४१ | ०-०-८ | सुदर्शन श्रेष्ठ | मोहन बस्नेत | सोनाम लामा | बाटो |
| माया कुमारी दाहाल | लाटीकोइली-७ क, सुर्खेत | ६६६ | ०-०-११ | बाटो | प्रेम तिवारी | संजिव कुमार वि.सी. | पदम शाही |

२. धनी यस बैंक र ऋणी न्यु एम के कोल्ड स्टोर एण्ड सप्लायर्स कायम रहेको तपसिल बमोजिमको सवारी साधन :

| सवारी दर्ता नं. | इन्जिन नं. | च्यासिस नं. | बनेको साल | मोडेल/कम्पनी | किसिम |
|---|---|---|---|---|---|
| प्रदेश ३ ०१ ०२३ च ००६२ | K15BN1082721 | MA3EXGL1F00400252 | 2019 | MARUTI SUZUKI CIAZ ALFA 2019 | PRIVATE CAR |

**यस अघि प्रकाशित गरिएको सूचनाको विवरण :**

१. मिति २०७९/११/१२ को नागरिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

२. मिति २०८०/०१/१८ गते नागरिक दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

### शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८०/०३/२५ गते सोमबार यस बैंकको शाखा कार्यालय बीरेन्द्रनगर आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पुर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४) प्राप्त बोलपत्रहरु मिति २०८०/०३/२६ गते मंगलबार अर्थात ८ औ दिन दिउसो १:०० बजे यस बैंकको शाखा कार्यालय बीरेन्द्रनगरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Central Office: Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ